# प्रदेश लोक सेवा आयोग

**लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल**

## नेपाल स्वास्थ्य सेवाको आठौं र सातौं तह तथा नेपाल इञ्जिनियरिङ्ग सेवाको सातौं तहका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. ०१/२०७७-०७८ मितिः २०७७।०६।२८

प्रदेश सरकार (मन्त्रिपरीषद्) को मिति २०७७।०५।१८, प्र.म.प.बै.सं.१३/२०७७ को निर्णयानुसार माग भए बमोजिम नेपाल स्वास्थ्य सेवा तथा नेपाल इञ्जिनियरिङ्ग सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरुको पदपूर्ति गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम बढुवा तथा आ.प्र. तर्फको पदहरु तत्कालका लागि सुरक्षित राखी वाँकी पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगले तोकेको दरखास्त फाराम भरी वैंक दस्तुर बुझाएको सक्कल भौचर सहित यस आयोगको कार्यालयमा बुझाउनु पर्नेछ। साथै आयोगको वेवसाइटको दायाँपट्टि माथि राखिएको विद्युतीय दरखास्त प्रणालीको लिंकमा जोडिइ खुल्ने साइट वा विद्युतीय दरखास्त प्रणाली http://ppsconline.p5.gov.np मार्फत् समेत आवेदन दिन सकिनेछ। दरखास्त बुझाउने सम्वन्धी विस्तृत विवरण द्रष्टव्यमा दिइएको छ। विज्ञापित सवै पदहरुको लिखित परीक्षाको कार्यतालिका मिति २०७७।०८।०३ गते बुधवार प्रकाशित गरिनेछ।

### स्वास्थ्य सेवा, आठौं तह

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | HLT-५१००१/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | खुला | २७ |
| २. | HLT-५१००२/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | महिला | ७ |
| ३. | HLT-५१००३/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | आ.ज. | ६ |
| ४. | HLT-५१००४/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मधेसी | ५ |
| ५. | HLT-५१००५/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | दलित | २ |
| ६. | HLT-५१००६/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | अपाङ्ग | १ |
| ७. | HLT-५१००७/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | पि.क्षे. | १ |
| | | कूल जम्मा पद | | ४९ |

### स्वास्थ्य सेवा, सातौं तह

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | HLT-५१००८/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | खुला | ४ |
| २. | HLT-५१००९/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | महिला | १ |
| ३. | HLT-५१०१०/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | आ.ज. | १ |
| ४. | HLT-५१०११/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | मधेसी | १ |
| | | कूल जम्मा पद | | ७ |
| १. | HLT-५१०१२/२०७७-७८ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | खुला | २ |
| २. | HLT-५१०१३/२०७७-७८ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | महिला | १ |
| | | कूल जम्मा पद | | ३ |
| १. | HLT-५१०१४/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | खुला | ३ |
| २. | HLT-५१०१५/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | महिला | १ |
| ३. | HLT-५१०१६/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | आ.ज. | १ |
| | | कूल जम्मा पद | | ५ |

## इञ्जिनियरिङ्ग सेवा, सातौं तह

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | ENG-५२००१/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | खुला | ३ |
| २. | ENG-५२००२/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | महिला | १ |
| ३. | ENG-५२००३/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | आ.ज. | १ |
| ४. | ENG-५२००४/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | मधेसी | १ |
| | | कूल जम्मा पद | | ६ |
| १. | ENG-५२००५/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | २ |
| २. | ENG-५२००६/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | महिला | १ |
| ३. | ENG-५२००७/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | आ.ज. | १ |
| | | कूल जम्मा पद | | ४ |
| १. | ENG-५२००८/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | खुला | ३ |
| २. | ENG-५२००९/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | महिला | १ |
| ३. | ENG-५२०१०/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | आ.ज. | १ |
| ४. | ENG-५२०११/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | मधेसी | १ |
| | | कूल जम्मा पद | | ६ |
| १. | ENG-५२०१२/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | खुला | १ |
| २. | ENG-५२०१३/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | महिला | १ |
| | | कूल जम्मा पद | | २ |
| १. | ENG-५२०१४/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | १ |
| | | कूल जम्मा पद | | १ |
| १. | ENG-५२०१५/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ५ |
| २. | ENG-५२०१६/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १ |
| ३. | ENG-५२०१७/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १ |
| ४. | ENG-५२०१८/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | १ |
| ५. | ENG-५२०१९/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | दलित | १ |
| | | कूल जम्मा पद | | ९ |
| १. | ENG-५२०२०/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल | खुला | २ |
| २. | ENG-५२०२१/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल | महिला | १ |
| ३. | ENG-५२०२२/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल | आ.ज. | १ |
| | | कूल जम्मा पद | | ४ |

**परीक्षाको किसिम** :- लिखित, सामूहिक छलफल र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** :- लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

**परीक्षाको माध्यम** :- परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ ।

**दरखास्त दस्तुर** :- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ। एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थान** :- प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको कार्यालय कोड **२१०००४८०१५** तथा राजश्व शिर्षक नं. **१४२२४** राखी राष्ट्रिय बाणिज्य वैंकको खाता नं. **१०००२०००१००००** वा नेपाल वैंक लि.को खाता नं. **२७४०२००००० १००१००००००१** मध्ये आफूलाई पायक पर्ने कुनै एक वैंकमा उम्मेदवारले आफ्नै नामबाट दरखास्त दस्तुर जम्मा गर्नुपर्नेछ ।

**दरखास्तको माध्यम** :- आयोगको वेवसाइट www.ppsc.p5.gov.np बाट आयोगले तोकेको दरखास्त फाराम डाउनलोड गरी सो **दरखास्त फाराममा माग गरिएका विवरण सबै भरेर, दरखास्त दिने क्रममा खुलाएका विवरणहरुको कागजात** (नागरिकता, दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, समावेशी विवरण खुल्ने कागजात, समकक्षता/संवद्धता निर्धारण गरेका कागजात, सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता/नवीकरण भएका कागजात आदि) **हरुको छाँयाप्रति र वैंक भौचर सक्कल प्रति सहित रेकर्ड फाइलमा नत्थी गरी कवरपेजमा संक्षिप्त विवरण उल्लेख गरी आयोगको कार्यालय, प्रदेश नं. ५, बुटवलको दरखास्त व्यवस्थापन शाखामा रुजु गराई परीक्षा प्रवेश पत्र लिन सकिनेछ ।**

साथै कार्यालयमा उपस्थित नभएर पनि उम्मेदवारहरुले आयोगको वेवसाइट www.ppsc.p5.gov.np को दायाँपट्टि माथि राखिएको विद्युतीय दरखास्त प्रणालीको लिंकमा जोडिइ खुल्ने साइट वा विद्युतीय दरखास्त प्रणाली http://ppsconline.p5.gov.np मार्फत् पनि दरखास्त बुझाउन सकिनेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो फोटो, हस्ताक्षर र वैंक भौचर स्क्यान गरी अपलोड गर्नु पर्नेछ। साथै आयोगले तोकेको माथि उल्लिखित बिवरण बमोजिमको **दरखास्त फाराम, आवश्यक प्रमाणपत्र सहितका कागजात र वैंक भौचरको सक्कल प्रति लिखित परीक्षा मिति भन्दा २ कार्य दिन अगावै यस आयोगको दरखास्त व्यवस्थापन शाखामा रुजु गराई परीक्षा प्रवेश पत्र लिइ सक्नु पर्नेछ ।** अनलाइन दरखास्त भर्ने विधि/तरिका सम्बन्धी विवरण वेबसाइटबाट हेर्न सकिनेछ। उम्मेदवारहरुले अनलाईन फाराम भर्दा आफ्नो व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। आयोगले उम्मेदवारलाई सोझै सम्पर्क गर्ने भएकोले विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाईल नम्बर उल्लेख गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** :- २०७७।०७।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७७।०७।२५ गतेसम्म ।

**उम्मेदवारको उमेरको हद** :- निजामती सेवा तर्फका पदहरुको हकमा २०७७।०७।१८ सम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

स्वास्थ्य सेवा तर्फका पदहरुको हकमा २०७७।०७।१८ सम्म २१ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको ।

उमेरहद नाघेका वहालवाला स्थायी निजामती कर्मचारीको हकमा दरखास्त फाराममा रहेको अनुभव, असाधारण विदा र अन्य आवश्यक विवरण सम्वन्धी तोकिएको महल भरी विभागीय/कार्यालय प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति**:- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण**:- सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम ।

**तलब सुविधा तथा सेवा शर्त**:- तलव सुविधा तथा सेवा शर्त समान तहमा प्रदेशमा कार्यरत कर्मचारी सरह हुने ।

**सेवा सम्बन्धी मन्त्रालय**:- सेवा, समूह, उपसमूह सञ्चालन गर्ने लुम्बिनी प्रदेशका मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यताः

**(अ) निजामती सेवा तर्फ**

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको । साथै निजामती सेवा ऐन, २०४९ को अधिनमा रही नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को दफा ७ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. इञ्जि., सिभिल, जनरल :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
२. इञ्जि., सिभिल, हाइवे :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।
३. इञ्जि., सिभिल, इरिगेशन :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।
४. इञ्जि., सिभिल, स्यानिटरी :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
५. इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्कटेक्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
६. इञ्जि., सिभिल, हाइड्रोपावर :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा सिभिल एण्ड इन्भायरोन्मेन्टल इञ्जिनियरिङ्ग वा हाइड्रोपावर इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
७. इञ्जि., मेकानिकल, जनरल मेकानिकल :- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग वा अटोमोवाइल इञ्जिनियरिङ्ग वा इण्डस्ट्रियल इञ्जिनियरिङ्गमा बि.ई. वा सो सरह उत्तीर्ण ।

**(आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको । साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को नियम १५ (१) बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. स्वास्थ्य, ज.हे.स., मेडिकल अधिकृत, आठौं तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त ।
२. स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत, सातौं तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।
३. स्वास्थ्य, मे.ल्या. टे.,ज.मे.ल्या.टे.,मे.ल्या.टेक्नोलोजिष्ट, सातौं तहः- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।
४. स्वास्थ्य, फिजियोथेरापी, फिजियोथेरापिष्ट, सातौं तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ ।

(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७)को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि बसोवास भएको सिफारिशको आधारमा र विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात समेत ।

**द्रष्टव्य**

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले समान पदमा दरखास्त दिन पाइने छैन । यदी कसैले समान पदमा दरखास्त दिएको पाइएमा जुनसुकै वखत त्यस्तो दरखास्त रद्द गरिनेछ ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफुले दरखास्त दिएको सेवा समूह सम्वन्धी परिषदमा दर्ता हुनुपर्ने पदहरु भएमा सो परिषदमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तरवृद्धि भएको भए स्तरवृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता अनिवार्य रुपमा निर्धारण गराएको हुनुपर्दछ ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराइने छैन ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट www.ppsc.p5.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(ञ) कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा स्वास्थ्य सम्वन्धी मापदण्ड अपनाइने छ ।

**थप जानकारीका लागिः ०७१-५४१०६२, ५४१४८४, www.ppsc.p5.gov.np**
**email: info.ppsc@p5.gov.np, loksewa.p5@gmail.com**